नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००३०८, ४२००००० , ४२००२८१, ४२००२९७, ४२००२९९, ४२००३२३
फ्याक्स ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

# प्रेस विज्ञप्ति

मिति २०७२ वैशाख २०, १४:०० बजे तयार पारिएको विवरण

**(महाभूकम्प २०७२: उद्धार तथा राहत सम्बन्धी प्रारम्भिक विवरणका आधारमा तयार पारिएको)**

२०७२/१/१२ को महाभूकम्प पश्चात नेपाल सरकारले उद्धार तथा राहत सम्बन्धमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा र स्थानीय निकायहरुबाट भएका प्रतिकार्यका *मुख्य* प्रयास र अवस्थाहरु देहाय बमोजिम रहेका छन्:

(अति प्रभावित १४ जिल्लाहरु - गोरखा, सिन्धुपाल्चोक, धादिंग, काभ्रे, दोलखा, नुवाकोट, रामेछाप, सिन्धुली, रसुवा, काठमाण्डौं, ललितपुर, भक्तपुर, मकवानपुर र ओलखढुंगा जिल्लामा केन्द्रीत रही संकलित विवरण)

| क्र. स. | विषय | प्रतिकार्यका प्रयास र अवस्थाहरु |
|---|---|---|
| १. | *मन्त्रालयबाट भएका मुख्य कार्यहरु* | • माननीय उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंहज्यूले उपत्यका भित्रका स्थानीय विकास अधिकारी र कार्यकारी अधिकृतहरु बीचमा विहान ८:३० बजे बैठक राखी उद्धार र राहतको विवरण लिनुका साथै उद्धार र राहतको कार्यलाई समन्वयात्मक र थप प्रभावकारी रुपमा अगाडि बढाउन निर्देशन दिनु भयो ।<br>• मिति २०७२।१।२१ गते सार्वजनिक बिदाको दिन अति प्रभावित १४ जिल्लाका जिल्ला विकास समिति, गांउ विकास समिति, नगरपालिकामा सबै कर्मचारीहरुलाई अनिवार्य उपस्थित भई नियमित रुपमा सेवा प्रवाह, उद्धार र राहतको कार्य गर्न निर्देशन जारी गरिएको छ ।<br>• मिति २०७२।१।२१ गते सार्वजनिक बिदाको दिन मन्त्रालयमा सबै कर्मचारीहरुलाई अनिवार्य उपस्थित भई कार्य गर्ने व्यवस्था मिलाइएको छ ।<br>• मन्त्रालयमा कार्यरत उप सचिव श्री पुरुषोत्तम अधिकारीलाई कागेश्वरी मनोहरा नपामा कार्यकारी अधिकृतको रुपमा तथा शाखा अधिकृत श्री अग्नी अधिकारीलाई शंखरापुर नपा र शाखा अधिकृत श्री नारायण पोखरेललाई चन्दागिरी नपामा विपद् व्यवस्थापनमा सहयोग र समन्वय गर्न खटाइएको छ ।<br>• रामेछाप र मकवानुर जिल्लामा खाद्यान्न पुर्याउन विश्व खाद्य संगठनको नेपालस्थित कार्यालयका प्रतिनिधिसंग मन्त्रालयमा बैठक बसी आवश्यक समन्वय गरिएको छ । |

नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाण्डौं

फोन ४२००३०८, ४२०००००, ४२००२८१, ४२००२१७, ४२००२११, ४२००३२३
फ्याक्स ४२००३२२

पत्र संख्याः-
चलानी नं.:-

| | | |
|---|---|---|
| २ | उद्धार र राहत सम्बन्धी कार्य | • अति प्रभावित १४ जिल्ला समेतमा ३,११,६१८ घर परिवार प्रभावित भएका<br>• ७६,२९९ त्रिपाल/टाट वितरण, १३२ अस्थायी शौचालय निर्माण गरी प्रयोगमा ल्याइएको, ८१० वटा अस्थायी शिविर सञ्चालनमा रहेका, ७४३३ जनाको स्वास्थ्य उपचार गरिएको ।<br>• स्थानीय निकायहरुबाट रु. ७,९२,६४,००० नगद राहत वितरण र ७४८४४ क्वीन्टल खाद्यान्न वितरण गरिएको ।<br>• काठमाण्डौं उपत्यकामा जिल्ला बाल कल्याण समिति मार्फत बालबालिका तथा सुत्केरी महिलालाई लक्षित गरी पोषण र खाद्यान्न उपलब्ध गराउने कार्यलाई सहयोग गर्न जिविस काठमाण्डौंबाट रु २ लाख उपलब्ध गराइएको ।<br>• अस्पतालबाट डिस्चार्ज भई आफन्त गुमाएका, घरबार बिहिन र काठमाण्डौं उपत्यका बाहिरका बिरामीहरुलाई राख्ने व्यवस्था मिलाइएको ।<br>• जिल्ला दैवि प्रकोप उद्धार समितिको निर्णयानुसार राहत वितरण प्रक्रियालाई संभवभएसम्म एकद्वार प्रणाली मार्फत सम्वन्धित गाविस तथा नगरपालिका मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको ।<br>• सहयोग गर्न आउने संघ संस्थाहरुलाई जिल्लामा अभिलेख राखी प्रभावित नगरपालिका तथा गाविसमा पठाउने कार्य गरिएको ।<br>• अति प्रभावित ७ जिल्लामा जिल्ला दैवि प्रकोप उद्धार समितिसँग आवश्यक समन्वय गरी प्रभावित गाविसमा सिधै विश्व खाद्य संगठनको सहयोगमा खाद्यान्न पुर्‍याइएको ।<br>• काठमाण्डौं उपत्यका लगायत प्रभावित जिल्ला तथा नपाहरुमा उद्धार र राहत कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन नगर तथा गाविस तहमा सरकारी कार्यालयका प्रतिनिधि, वडा नागरिक मन्चका पदाधिकारी, स्थानीय राजनैतिक दलका स्थानीय प्रतिनिधि र नेपाल रेडक्रस समेत रहेको सहयोग समिति बनाई पारदर्शी रुपमा राहत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।<br>• महाभूकम्पबाट जोखिमपूर्ण बनेका भवनहरुको तत्काल मूल्याकंन गर्न प्राविधिकहरुको ठूलो माग रहेको ।<br>**काठमाण्डौं उपत्यका भित्र २०७२ साल वैशाख १९मा भएका कार्यहरुको विवरण:**<br>• काठमाण्डौं जिल्लामा भूकम्प धक्काले भत्कने अवस्थामा रहेका भौतिक संरचनाहरुको व्यवस्थापन गर्ने सम्वन्धमा द्रुत लेखाजोखा गर्न मिति २०७२।१।१९ को निर्णयानुसार काठमाण्डौं महानगरपालिकाको हकमा उक्त नपाको भौतिक विकास विभागीय प्रमुख र अन्य नपाको हकमा नपाको |



भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०८, ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९, ४२००३२३
फ्याक्स ४२००३२२

पत्र संख्या:-
चलानी नं.:-

| | | |
|---|---|---|
| | | इन्जिनियर र इन्जिनियर नभएको नपामा जिल्ला प्राविधिक कार्यालयले खटाएको इन्जिनियर संयोजक, शहरी विकास तथा भवन निर्माण विभागले तोकेको इन्जिनियर सदस्य र नपाको वडाको सचिव सदस्य रहेको ४० वटा टोली निर्माण गरी कार्य प्रारम्भ गरिएको ।<br>• फोहोरमैला संकलन २५३ ट्रिप, संकलित फोहोर ७०४ टन<br>• विभिन्न वडा तथा शिविरमा १,००२०० लिटर खानेपानी वितरण<br>• २६४ जनालाइं औषधि उपचार गरिएको<br>• त्रिपाल ३७० थान, मास्क १५०० थान, पन्जा १५०० थान वितरण गरिएको ।<br>• दुगन्ध हटाउन चुन ४०० बोरा र ४५० लि. छर्किएको । |
| ३. | क्षति र राहतसम्बन्धी सूचना संकलन | • भूकम्पबाट अति प्रभावित भएका १४ वटा जिल्लामा उद्धार तथा राहत सम्बन्धी आवश्यक समन्वय र सूचना संकलन गर्न सम्पर्क व्यक्तिको रुपमा उप सचिवस्तरको अधिकृतबाट विवरण संकलन गर्ने कार्य गरिरहेको । |
| ४ | मन्त्रालयको थप र जिल्लामा राहत उद्धार विशेष प्याकेज कार्यक्रम | • जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा तत्काल उद्धार तथा राहत कार्य गर्न संकटग्रस्त मध्ये थप दुई जिल्ला मकवानपुर र ओखलढुंगामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट प्रति गाविस रु ४ लाख पचास हजार तथा नपाको प्रत्येक वडामा रु. २ लाखका दरले राहत उपलब्ध गराउने थप निर्णय भएको ।<br>• उक्त निकासा रकम तत्काल १ महिना भित्र उपयोग गर्ने गरी उद्धार तथा राहत कार्य सम्पन्न गरिसक्नु पर्ने व्यवस्था मिलाइएको । |



भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।